कृषि, उद्योग, व्यापार, पर्यटन, ऊर्जा, सूचना प्रविधि र पूर्वाधार: Smart City वालिङ निर्माणका आधार

वालिङ नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

वालिङ, स्याङ्जा

फोन नं.: ०६३-४४०१७७
गण्डकी प्रदेश, नेपाल

पत्र सं: ०७८/०७९
च नं: ६४३

मिति: २०७८।६।१२

## एकीकृत जग्गा विकास कार्यक्रम मोडल टाउन (सुकौंदी) सम्बन्धी सार्वजनिक सूचना

यस नगरपालिका वडा नं ०९ सुकौंदी गाउँ तथा फाँटमा एकीकृत जग्गा विकास (लेण्ड पुलिङ) कार्यक्रम सञ्चालन गर्न भनी गत २०७५ पुस ७ गते सो ठाँउका जग्गाधनीको भेलाले नगरपालिका प्रमुखको समेत उपस्थितिमा निर्णय गरेका र सोका लागि जग्गाधनीहरुले विधिवत निवेदन समेत गरेका हुँदा जग्गाधनीहरुकै राय परामर्शमा उक्त जग्गामा विकास कार्यक्रम पहिलो चरणमा सुकौंदी फाँटमा सञ्चालन गर्न लागिएकोले यस नगरपालिकाको एकीकृत जग्गा विकास कार्यक्रम (लेण्ड पुलिङ) सञ्चालन कार्यविधि २०७७ को प्रयोजनका लागि निम्न बमोजिम सूचनाहरु जारी गरिएको छ ।

### सूचना नं १ (उक्त कार्यविधिको दफा ७.३.१ को प्रयोजनका लागि)

उक्त बमोजिम पहिलो चरणमा सुकौंदी फाँटमा सम्पन्न हुने कार्यक्रममा सामेल गरिएका जग्गाको चारकिल्ला निम्न अनुसार रहेको छ ।

- पूर्व: सुकौंदी फाँटको पूर्व तर्फ फाँटको अन्तिम सम्मका आवादी जग्गा सबै (आँधीखोला समेत)
- पश्चिम: सुकौंदी फाँटको पश्चिम तर्फ पनि फाँटको अन्तिम सम्मका आवादी जग्गा सबै (आँधीखोला समेत)
- उत्तर: सुकौंदी फाँटको उत्तर तर्फ पहिलेनै निर्माण भै सञ्चालनमा रहेको मोटरबाटोबाट दक्षिणमा रहेका जग्गा सबै (तोकीएका केहि कित्ता बाहेक)
- दक्षिण: सुकौंदी फाँटको दक्षिण तर्फ आँधीखोला रहेको र सो खोलाले कटान नगरेका वा जग्गाधनीको भोगचलनमा रहेका सबै जग्गा सामेल हुने गरी सो आँधीखोलाको किनारमा बनेको करीडोर भन्दा उत्तर तर्फ रहेको फाँटको जग्गा सबै

### सूचना नं २ (उक्त कार्यविधिको दफा ७.३.८, अनुसूची १२ को प्रयोजनका लागि)

### योजना स्वीकृत भएको सार्वजनिक सूचना

वालिङ नगरपालिकले नगर विकास ऐन २०४५ को दफा १२ ग उपदफा १३ र ४ ले दिएको अधिकार प्रयोग गरी सोही ऐनको दफा १२ बमोजिम वालिङ नगरपालिका वडा नं ९ सुकौंदी फाँटको माथि सूचना नं. १ मा उल्लेखित ४ किल्ला भित्रको जग्गाको विभिन्न कित्ताहरु एकीकरण गरी नगर योजना अनुरुप सेवा सुविधाको व्यवस्था गर्दा लागेको खर्च विकसित घडेरीहरु बेची असुल गर्न र बाँकी विकसित घडेरीहरु साविक कै जग्गाधनी र मोहीहरुलाई समानुपातिक आधारमा फिर्ता दिने गरी जग्गा एकीकरण (ल्याण्ड पुलिङ) कार्यक्रम २०७५ पुस ७

**सूचना नं ३ (उक्त कार्यविधिको दफा ७.४ को प्रयोजनका लागि)**

उक्त जग्गा विकास कार्यक्रम सञ्चालन गर्न वालिङ नगरपालिकाको उक्त कार्यविधि अनुरुप निम्न बमोजिमको आयोजना व्यवस्थापन समिति गठन गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**आयोजना व्यवस्थापन समिति**

| | |
|---|---|
| १. अध्यक्षः वालिङ नगर प्रमुख | श्री दिलीप प्रताप खाँण |
| २. सदस्यः वालिङ नगर उप-प्रमुख | श्री कल्पना तिवारी |
| ३. सदस्यः वालिङ प्रमुख प्रशासकीय अधिकृत | श्री राजन भट्टराई |
| ४. सदस्यः वालिङ वडा नं ९ का अध्यक्ष | श्री बसन्त कुमार श्रेष्ठ |
| ५. सदस्यः वालिङ वडा नं ९ का सदस्य | श्री पिताम्बर भुसाल |
| ६. सदस्यः वालिङ वडा नं ९ का सदस्य | श्री रमता पराजुली |
| ७. सदस्यः वालिङ वडा नं ९ का सदस्य | श्री दिपक श्रेष्ठ |
| ८. सदस्यः वालिङ वडा नं ९ का सदस्य | श्री सपना वि क |
| ९. सदस्यः मालपोत कार्यालय प्रमुख वालिङ | श्री रविन अधिकारी |
| १०. सदस्यः नापी कार्यालय प्रमुख वालिङ | श्री विवेक तिवारी |
| ११. सदस्यः जिल्ला प्रशासन कार्यालय स्याङ्जा का प्रतिनिधि | |
| १२. सदस्यः सम्बन्धित उपभोक्ता समितिका अध्यक्ष | श्री केदारशरण विकल |
| १३. सदस्यः ऐ. समितिका उपाध्यक्ष | श्री ध्रुवराज शर्मा |
| १४. सदस्यः ऐ. समितिका कोषाध्यक्ष | श्री कृष्ण प्रसाद पंगेनी |
| १५. सदस्यः ऐ. समितिका सचिव | श्री मन प्रसाद पंगेनी |
| १६. सदस्य सचिवः वालिङ न.पा. योजना शाखा | श्री ज्ञान प्रसाद पाण्डे |

२०७८।३।१२

.....................................

**राजन भट्टराई**

**प्रमुख प्रशासकीय अधिकृत**

**वालिङ नगरपालिका**

प्रमुख प्रशासकीय अधिकृत